नेपाल सरकार
अर्थ मन्त्रालय
भन्सार विभाग

# भैरहवा भन्सार कार्यालय

बेलहिया,रुपन्देही

## प्रेस विज्ञप्ति

यस भैरहवा भन्सार कार्यालय मार्फत नेपाली उत्पादन Frozen French Fries पहिलो पटक संयुक्त राज्य अमेरीका (USA) निर्यात भएको सहर्ष जानकारी गराउँदछौं। रुपन्देही जिल्लामा अवस्थित First Choice Foods Pvt.Ltd बाट अमेरिका स्थित ZENT CO LLC DBA TCF FOODS लाई USD $38480 (NRs.54,88,158.00) मुल्य बराबरको दुई कन्टेनर ४३५२० किलोग्राम Frozen French Fries निर्यात भएको हो ।

यस ऐतिहासिक उपलब्धिले नेपालमा उत्पादित खाद्य बस्तुले अमेरिका जस्तो प्रतिष्पर्धात्मक बजारमा प्रवेश पाएकोमा नयाँ नेपाली उद्योगको विकास, वैदेशिक मुद्रा आर्जन र उद्दमशिलता निर्माणमा महत्वपूर्ण टेवा पुग्ने विश्वास लिइएको छ। अमेरिकी बजारमा नेपाली फ्रेन्च फ्राइजको प्रवेशले भविष्यमा थप नेपाली उत्पादनहरुको विश्वबजार विस्तारको ढोका खोल्नेछ। यस भैरहवा भन्सार कार्यालय निर्यात प्रवर्द्धनका लागि आवश्यक सेवा-सुविधा, सूचनाको पहुँच र प्रक्रियागत सहजतामा निरन्तर सुधार गर्न प्रतिवद्ध छ। निजी क्षेत्र, उत्पादनकर्ता, ढुवानी तथा गुणस्तर नियमन निकायहरुसँगको सहकार्यलाई अझ सुदृढ बनाउँदै जानेतर्फ प्राथमिकतामा रहने व्यहोरा समेत जानकारी गराउँदछौं।

मिति: २०८२ कार्तिक १८ गते, मंगलवार।

२०८२/०७/१८
सूचना अधिकारी